# नेपाली र संस्कृत भाषामा सम्प्रदान कारक

खेमराज खनाल, विद्यावारिधि[१]


## सार

कारकको उद्‌भव संस्कृत व्याकरणबाटै भएको हो । नेपाली भाषा अपभ्रंश हुँदै संस्कृत भाषाबाट जन्मेकाले यस भाषामा संस्कृत भाषाको प्रभाव रहनु स्वाभाविक देखिन्छ । संस्कृत भाषा र व्याकरण अत्यन्त समृद्ध रहेको छ । यसको राम्रो खोज, अनुसन्धान भइसकेको छैन, जो जरुरी छ । संस्कृत वाङ्मयमा त्यस्ता रहस्यमय कुराहरू प्रशस्त छन्, जसको अनुसन्धानबाट नयाँ ज्ञानधारा बहाउन सकिन्छ । सम्प्रदान कारक त्यस्तै एउटा सानो विषय हो । क्रियाको उद्देश्य बनेको पद नै सम्प्रदान कारक हो । नेपाली वैयाकरणहरूले संस्कृत वैयाकरणहरूले झैँ कारकका विषयमा प्रशस्त खोज, अनुसन्धान गरेका छैनन् । विशेष गरेर संस्कृतमा आचार्य पाणिनि र भर्तृहरिले सम्प्रदान कारकको राम्रो चर्चा गरेका छन् । वैयाकरण पाणिनि संस्कृत व्याकरणका प्रामाणिक विद्वान् हुन् । उनको 'कर्मणा यमभिप्रैति स सम्प्रदानम्' (पा.सू. १।४।३२) यो सूत्र संस्कृत र नेपाली सम्प्रदान कारकको मूल स्रोत हो । यसको स्वस्वत्वनिवृत्तिपूर्वक दान र दाधातुको अर्थ उपलक्षणमात्र हो भन्ने विद्वान्हरूबिच विवाद देखिएको छ । अरू वैयाकरणहरू उनकै छत्रछायामा विकसित भएका छन् । आचार्य भर्तृहरिले 'वाक्यपदीयम्' नामक ग्रन्थमा सम्प्रदान कारकको चर्चापरिचर्चा गरेका छन् । उनको सम्प्रदानको विभाजन केही मौलिक छ । उनले अनिराकारक, प्रेरक र अनुमतिप्राप्त गरेर तिनवटा सम्प्रदानको वर्णन गरेका छन् । यो वर्गीकरण सम्प्रदान कारकको क्रियाशीलता वा अवस्थाका आधारमा भएको देखिन्छ । आचार्य पाणिनिले एघारवटा सम्प्रदानको चर्चा गरेका छन् । क्रिया र कारकको सम्बन्धका आधारमा उनले यस्तो वर्गीकरण गरेको पाइन्छ । जसअनुसार दानकर्मक, क्रियासम्प्रदान, रुच्यर्थक, श्लाघ्स्यमान, धारणार्थक, ईप्सार्थक, ईर्ष्यार्थक, पर्यालोचनार्थक, प्रतिज्ञा सम्प्रदान, प्रोत्साहन सम्प्रदान र करण सम्प्रदान रहेका छन् । आचार्य भर्तृहरिले संस्कृत व्याकरणमा गरेको सम्प्रदानको वर्गीकरणका प्रभावमा नेपाली भाषाको सम्प्रदान कारकलाई पनि विभाजन गर्न सकिन्छ । यस आधारमा नेपाली भाषामा मौलिकतासहित सात प्रकारका सम्प्रदानहरू रहेका छन् । ती यस प्रकार छन् इच्छुक, नैराश्य, दायित्व, निवेद्य, परावर्तक, दण्ड्य र कर्तव्य । यसरी यस लेखमा संस्कृत र नेपाली भाषाका सम्प्रदानहरूको खोज, अध्ययन र वर्गीकरण गरिएको छ ।


शब्दकुञ्जी- स्वस्वत्वनिवृत्ति, उपलक्षण, प्रेरक, उद्देश्य ।

## १. विषयपरिचय

व्याकरणमा कारकको महत्त्व धेरै हुन्छ । त्यसमा पनि संस्कृत र नेपाली भाषा, व्याकरणमा कारक अत्यधिक महत्त्वशील छ । संस्कृत भाषाका प्रखर वैयाकरण आचार्य पाणिनि नै हुन् । उनकै महनीय ग्रन्थ 'अष्टाध्यायी' का अनुसार आजभोलि संस्कृतमा कारकहरूको अध्ययन हुन्छ । 'कारके' (पा.सू. १।४।२३) सूत्रका अधिकारमा सम्पूर्ण कारकसँग सम्बन्धित सूत्रहरू पढिएका छन् । क्रियासँग प्रत्यक्ष सम्बन्ध राख्ने पद कारक हो । हरेक कारकको छुट्टै महत्त्व हुन्छ । यस लेखको विषय बनेको सम्प्रदान कारक हो । सम्प्रदान कारक नेपाली भाषामा त्यति चर्चाको विषय बनेको छैन । नेपाली वैयाकरणहरूले एउटाभन्दा बढी सम्प्रदानको खासै चर्चा गरेका छैनन् । संस्कृत व्याकरणमा पाणिनिले नै सम्प्रदान संज्ञा गर्ने एघारवटा सूत्रहरू (एउटा वार्तिकसहित)

[१] सहप्राध्यापक, पिण्डेश्वर विद्यापीठ, धरान- १४, सुनसरी ।

पढेका छन् । ती सूत्रहरूको अध्ययन, अनुसन्धान, व्याख्या र विश्लेषण गर्न जरुरी छ । त्यसका आधारमा नेपाली भाषाका सम्प्रदानहरू पहिल्याउन जरुरी छ । नेपाली व्याकरणको मूल स्रोत पाणिनिको 'अष्टाध्यायी' नै हो । आजभोलि अङ्ग्रेजी भाषा, व्याकरणबाट प्रभावित भएर केही अङ्ग्रेजीको नक्कल गर्न थालिए पनि नेपाली भाषामा संस्कृत व्याकरणको प्रभाव कहिले घट्तैन ।

संस्कृत भाषाका अर्का जबर्जस्त वैयाकरण भर्तृहरि हुन् । यिनी पाणिनीय व्याकरणकै जगमा उभिएका छन् । यिनको प्रसिद्ध व्याकरणपरक ग्रन्थ 'वाक्यपदीयम्' हो । यसमा भर्तृहरिले केही भिन्न ढङ्गले कारकको अध्ययन, विश्लेषण र वर्गीकरण गरेका छन् । यो वर्गीकरण अलिक व्यावहारिक पनि छ । यस प्रकारको वर्गीकरण नेपाली कारकहरूमा पनि लागू हुन सक्दछ । भर्तृहरिको अध्ययन गहिरो पनि छ । यिनले हरेक कारकको अध्ययन, विश्लेषण र वर्गीकरण गरेका छन् । त्यसमध्ये सम्प्रदान कारक पनि पर्दछ । यिनले सम्प्रदानलाई तिन भागमा वर्गीकरण गरेर अध्ययनको विषय बनाएका छन् । आचार्य पाणिनिका एघारवटा सम्प्रदानलाई नेपाली भाषाका सम्प्रदानसँग तुलना गरेर अध्ययन र विश्लेषण गर्न निक्कै समस्या पर्ने देखिन्छ । भर्तृहरिका सम्प्रदानहरू सरल, सम्प्रेष्य र तुलनीय छन् । त्यसलाई आधार मानेर नेपाली भाषाका सम्प्रदानहरूको अध्ययन, व्याख्या, विश्लेषण र वर्गीकरण गर्न सकिने देखिन्छ । नेपाली वैयाकरणहरूले सम्प्रदान कारकका बारे विस्तृत रूपमा चर्चा गरेको देखिएको छैन । यसका बारेमा नेपाली भाषामा व्यापक अध्ययन, विश्लेषण र व्याख्या गर्न जरुरी देखिन्छ । त्यसका लागि संस्कृत भाषाका सम्प्रदानहरूसँग तुलनात्मक अध्ययन गर्न सकिन्छ । खास गरेर भर्तृहरिकै सम्प्रदानका प्रभावमा नेपाली भाषाका सम्प्रदानहरू अध्ययनका विषय बन्न सक्छन् ।

'सम्यक् प्रदानम्' यो अर्थमा 'सम्' र 'प्र' यी उपसर्ग रहेको संस्कृतको दा (डुदाञ् दाने) धातुबाट 'ल्युट् च' (पा.सू ३।३।१५) यो सूत्रले भाव अर्थमा 'ल्युट्' (यु) प्रत्यय, 'युवोरनाकौ' यो सूत्रले 'अक' आदेश र 'अकः सवर्णे दीर्घः' (पा.सू. ६।१।१०१) यो सूत्रले दीर्घ (आ) भएर सम्प्रदान शब्दको निर्माण हुन्छ । यसको अर्थ हो राम्ररी प्रदान गर्नु वा दिनु । कारकका अर्थमा भने 'सम्प्रदीयते अस्मै' यो विग्रहमा 'कृत्यल्युटो बहुलम्' (पा.सू. ३।३।११३) यो सूत्रले सम्प्रदान अर्थमै 'ल्युट्' प्रत्यय हुन्छ । यसको अर्थ हुन्छ, जसलाई राम्ररी प्रदान गर्न सकिन्छ, त्यो सम्प्रदान हो । 'अष्टाध्यायी' मा सम्प्रदानसंज्ञा गर्ने धेरै सूत्रहरू छन् । त्यसमध्ये प्रमुख हो 'कर्मणा यमभिप्रैति स सम्प्रदानम्' (पा.सू. १।४।३२) । यसको अर्थ 'सिद्धान्तकौमुदी' मा यस प्रकार गरिएको छ, "दानस्य कर्मणा यमभिप्रैति सः सम्प्रदानसंज्ञः स्यात्" अर्थात् दानको कर्मबाट जसलाई सम्बन्धित गरिन्छ, त्यो सम्प्रदान हो (दीक्षित, वि. १९८२ : पृ. १७८) । यसको उदाहरण हो 'विप्राय गां ददाति' अर्थात् ब्राह्मणलाई गाई दिन्छ । यहाँ दानको कर्म गां (गाई) ले विप्राय (ब्राह्मणलाई) सम्बन्धित गरेको छ । त्यसैले विप्राय (ब्राह्मणलाई) सम्प्रदान कारक हो । यहाँ स्वस्वत्वनिवृत्तिपूर्वक दिइएको छ भने मात्र त्यो ग्रहण गर्ने (सम्बन्धित हुने) सम्प्रदान हुन्छ । 'लघुशब्देन्दुशेखरमा' दानको मात्र नभएर जुनसुकै क्रियाको कर्मबाट सम्बन्धित गरिएकालाई सम्प्रदान मान्नुपर्दछ भनिएको छ (भट्ट, ई. १९५४ : पृ. ४८७) । यो परिभाषाले स्वस्वत्वनिवृत्तिलाई मान्यता दिएको छैन । जस्तोसुकै प्रदानबाट सम्बन्धित गरिएको छ भने त्यसलाई सम्प्रदान मानेको छ । यसले गर्दा 'खण्डिकोपाध्याय शिष्याय चपेटां ददाति' अर्थात् खण्डिकोपध्याय शिष्यलाई थप्पड दिन्छन् र 'स्वामी रजकाय वस्त्रं ददाति' अर्थात् मालिक धोबीलाई कपडा दिन्छन्, यी वाक्यमा आएका महाभाष्यसम्मत उदाहरण 'शिष्याय' शिष्यलाई र 'रजकाय' धोबीलाई पनि सम्प्रदान ठहरिन्छन् । धोबीलाई कपडा दिँदा स्वस्वत्वनिवृत्ति हुँदैन । त्यस्तै 'गुरुः शिष्याय शास्त्रं कथयति' अर्थात् गुरु शिष्यलाई शास्त्र कहन्छन् यहाँ 'शिष्याय' (छात्रलाई) यो पद पनि सम्प्रदान ठहर्छ (पन्त, ई. १९५४ : पृ. ४८७) । यसबाट क्रियाविहित कर्मबाट जसलाई सम्बन्धित गरिन्छ, त्यो सम्प्रदान हो भन्ने परिभाषा निस्किन्छ ।

पाणिनीय व्याकरणमा अनेक प्रकारमा सम्प्रदानहरूको वर्णन पाइन्छ । सम्प्रदानसंज्ञा गर्ने सूत्रहरू पनि धेरै छन् । 'कर्मणा यमभिप्रैति स सम्प्रदानम्' (पूर्ववत्) यो सम्प्रदानसंज्ञा गर्ने प्रमुख सूत्र हो । माथिको परिभाषा

अधिकतम यसै सूत्रको परिधिभित्र सीमित छ । सम्प्रदानको व्यापकतालाई समेट्ने परिभाषा 'परमलघुमञ्जूषा' मा गरिएको छ । यसअनुसार "क्रियामात्रकर्मसम्बन्धाय क्रियायामुद्देश्यं यत् कारकं तत्त्वं सम्प्रदानत्वम्" अर्थात् क्रियामात्रको कामको सम्बन्धका लागि क्रियामा उद्देश्य बनेको जो कारक त्यही सम्प्रदान हो (भट्ट, ई. १९९८: पृ. २७३) । 'वैयाकरणभूषणसार' मा सम्प्रदानको अझ व्यापक अर्थलाई समेट्न उद्देश्यमात्रलाई सम्प्रदान भनिएको छ । त्यहाँ चतुर्थीको अर्थ सम्प्रदान हो र सम्प्रदान नै उद्देश्य हो, भनिएको छ (भट्ट, ई. १९८२ : पृ. २७२) । यसबाट क्रियाको उद्देश्य बनेको शब्द नै सम्प्रदान हो भन्ने बुझिन्छ । 'नेपाली मानक व्याकरण तथा कार्यमूलक लेखन' मा सम्प्रदानको परिभाषा यसरी गरिएको छ, "क्रियाको प्रापक, लाभक वा उद्देश्यलाई सम्प्रदान कारक भनिन्छ (न्यौपाने, वि. २०६२ : पृ. १६१) ।" 'भाषाविज्ञान र प्रायोगिक भाषाविज्ञान' मा सम्प्रदान कारकको परिभाषा यस प्रकार गरिएको छ, "केही प्राप्त गर्ने वा लाभ गर्ने नामिक पद सम्प्रदान कारक हुन्छ (पौड्याल, वि. २०५८ : पृ. १३९) ।" 'शब्दरचना र वर्णविन्यास' मा "वाक्यमा क्रियाको कार्यव्यापारका लागि लक्षित हुने नामिक पदलाई सम्प्रदान कारक भन्दछन्" भनिएको छ (शर्मा, २०६१ : पृ. ७१) । यी नेपाली वैयाकरणहरूका परिभाषाहरूबाट पनि क्रियाको उद्देश्य बनेको पद नै सम्प्रदान कारक हो भन्ने बुझिन्छ ।

## २. समस्याकथन, उद्देश्यनिर्धारण र अनुसन्धानविधि

### २.१ समस्याकथन

समस्या नै समाधानको जननी हो । समस्याविनाको समाधान हुदैन । यस अनुसन्धानात्मक लेखका पनि निश्चित प्राज्ञिक समस्याहरू छन् । नेपाली वैयाकरणहरूले सम्प्रदान कारकलाई खासै महत्त्व दिएका छैनन् । सम्प्रदान कारकबारे राम्रो अध्ययन, अनुसन्धान, व्याख्या र विश्लेषण भएको पाइँदैन । एउटामात्र सम्प्रदानको चर्चा पाइन्छ । त्यसलाई पनि कतिपय वैयाकरणहरूले अप्रत्यक्ष कर्मभित्र गाभेर अध्ययन गर्ने गरेका छन् । यसरी सम्प्रदान कारको नेपालीमा उचित अध्ययन नहुनु एउटा समस्या हो । आचार्य पाणिनिले आफ्नो ग्रन्थ 'अष्टाध्यायी' मा एघारवटा सम्प्रदानका भेदको उल्लेख गरेका छन् । ती सम्प्रदानहरूको स्वरूप र अवस्थाबारे राम्रो खोज र अनुसन्धान भएको पाइँदैन । तिनीहरूको अध्ययन, व्याख्या, विश्लेषण र खोज आवश्यक छन् । ती सम्प्रदानको अनुसन्धानबाट संस्कृत भाषाको सम्प्रदान कारकबारे नयाँ मार्ग प्रशस्त हुन्छ । नेपालीमा तिनीहरूको प्रभावको अध्ययन पनि गर्न सकिन्छ । पाणिनिका सम्प्रदानहरूको समुचित चर्चाको अभाव अर्को समस्या हो । संस्कृत भाषाका वैयाकरणहरूको परम्परामा अर्का दिग्गज वैयाकरण भर्तृहरि हुन् । उनको प्रसिद्ध व्याकरणपरक ग्रन्थ 'वाक्यपदीयम्' हो । यसमा उनले कारकका बारे बृहत् छलफल चलाएका छन् । त्यसै क्रममा सम्प्रदान कारकको पनि चर्चा गरेका छन् । उनले सम्प्रदानलाई तिन भागमा वर्गीकरण गरेका छन् । यिनका सम्प्रदानलाई आचार्य कौण्ड भट्टले आफ्नो व्याकरणपरक ग्रन्थ 'वैयाकरणभूषणसार' मा हलुका स्थान दिएका छन् । तिनीहरूको महत्त्वलाई अझ बढी उजागर गर्न र विस्तृत चर्चा गर्न आवश्यक छ । भर्तृहरिका सम्प्रदानको विस्तृत अध्ययन नहुनु यस लेखको अर्को समस्या हो । संस्कृत भाषा, व्याकरणका सम्प्रदानको प्रभाव नेपाली भाषाका सम्प्रदानहरूमा प्रशस्तै परेको पाइन्छ । त्यसको समुचित अध्ययन, अनुसन्धान भएको देखिँदैन । खास गरेर आचार्य भर्तृहरिका सम्प्रदानहरूको प्रभावमा नेपाली सम्प्रदानहरूको अध्ययन गर्न सकिन्छ । संस्कृत भाषाका प्रभावमा नेपाली भाषाको सम्प्रदानको अध्ययन नहुनु यस लेखको अर्को समस्या हो । संस्कृत भाषा-व्याकरणको प्रभावका साथै नेपाली भाषा-व्याकरणको आफ्नो छुट्टै मौलिकता पनि छ । त्यो मौलिकताको संरक्षण गर्न पनि जरुरी छ । यस अनुसन्धानात्मक लेखका समस्याहरूलाई बुँदागत रूपमा यसरी देखाउन सकिन्छ-

(क) पाणिनीय व्याकरण अनुसार सम्प्रदान केकति प्रकारका छन् ?

(ख) आचार्य भर्तृहरिका अनुसार सम्प्रदान केकति प्रकारका छन् ?

(ग) नेपाली भाषा-व्याकरण अनुसार सम्प्रदान केकति प्रकारका छन् ?

## २.२ उद्देश्यनिर्धारण

उद्देश्यले अनुसन्धानलाई निश्चित गन्तव्यसम्म पुर्याउँछ । के लेख्ने, कति लेख्ने र कसरी लेख्ने भन्ने निर्धारण गर्न उद्देश्य तोक्न जरुरी छ । उद्देश्य र समस्या अन्तर्सम्बन्धित हुन्छन् । उद्देश्यले समस्याको समाधान दिनुपर्दछ । यस लेखका विषय बनेका दुईवटा भाषा संस्कृत र नेपाली हुन् । यस लेखमा दुईवटै भाषाका सम्प्रदानबारे चर्चा गरिएको छ । संस्कृतका सर्वाधिक लोकप्रिय वैयाकरण आचार्य पाणिनिको 'अष्टाध्यायी' प्रामाणिक ग्रन्थ मानिएको छ । यसमा अध्ययनको विषय बनेका एघारवटा सम्प्रदानका प्रकारहरू छन् । यस अनुसन्धानमा पाणिनिका ती एघारवटै सूत्रहरू पर्गेलेर सम्प्रदानहरूको अध्ययन गरिएको छ । लेखले आचार्य पाणिनिका सम्प्रदानबारे राम्ररी जानकारी गराएको छ । संस्कृत व्याकरण जगत्का पाणिनीय व्याकरण परम्पराभित्रै हुर्केका अर्का वैयाकरणहस्ती भर्तृहरि हुन् । उनले पनि सम्प्रदान कारकको परिचर्चा गरेका छन् । 'वाक्यपदीयम्' नामक ग्रन्थमा तिन प्रकारका सम्प्रदानहरू छन् । तिनीहरूका परिचय, प्रकार र उदाहरणहरू यस लेखमा राखिएका छन् । तिनीहरूका उदाहरणहरू नेपाली र संस्कृत दुबै भाषामा दिइएका छन् । यस लेखले आचार्य भर्तृहरिका सम्प्रदानहरूलाई राम्ररी चिनाएको छ । नेपाली वैयाकरणहरूले एउटामात्र सम्प्रदानको चर्चा गरेका छन् । नेपाली भाषामा सम्प्रदान कारकका अरू भेदहरू पनि पाइएका छन् । नेपाली भाषाको जननी संस्कृत भाषा भएकाले संस्कृत भाषाको ठाडो प्रभाव नेपाली भाषामा परेको पाइन्छ । आचार्य भर्तृहरिका प्रभावमा नेपाली भाषाको मौलिकतासहित सम्प्रदान कारकका पाँचवटा भेदहरू देखिएका छन् । तिनीहरूका नाम, परिचय, उदाहरणहरू यस लेखमा उल्लेख गरिएका छन् । यस लेखले नेपाली भाषामा संस्कृत भाषाको प्रभावसहित नेपाली भाषाका सम्प्रदानबारे राम्ररी जानकारी दिन्छ । बुँदागत रूपमा यस अनुसन्धानात्मक लेखका उद्देश्यहरू निम्न प्रकार रहेका छन्-

(क) पाणिनीय व्याकरणशास्त्रका अनुसार सम्प्रदान कारकको ज्ञान,

(ख) आचार्य भर्तृहरिका अनुसार सम्प्रदान कारकको ज्ञान,

(ग) नेपाली भाषाव्याकरण अनुसार सम्प्रदान कारकको ज्ञान ।

## २.३ अनुसन्धानविधि

अनुसन्धानका धेरै विधिहरू प्रचलित छन् । अनुसन्धानात्मक लेखले तीमध्ये कुनै एउटा विधि अप्नाउनै पर्दछ । विधिविधान सहित लेखिएका लेखहरू नै तथ्यपरक र प्रामाणिक पाइन्छन् । अनुसन्धानविधिले लेखको उद्देश्य पक्डिन लेखकलाई मदत गर्दछ । यस लेखलाई राम्ररी सम्पादन गर्न सामग्री सङ्कलनका लागि पुस्तकालय विधिलाई अप्नाइएको छ । संस्कृत भाषाका सम्प्रदान कारकहरू पत्ता लगाउन पहिले पाणिनीय सूत्रहरू अगाडि राखिएका छन् । त्यसअनुरूप उदाहरणहरूको विवेचना निगमनात्मक विधिअनुसार गरिएको छ । भर्तृहरिका सम्प्रदान र नेपाली भाषाका सम्प्रदानहरूलाई उदाहरणका आधारमा सिद्धान्त पस्किएकाले आगमनात्मक विधिलाई समेत अङ्गीकार गरिएको छ । आचार्य पाणिनि, भर्तृहरि र नेपाली भाषाका सम्प्रदानहरू व्याख्या र विश्लेषणविधिका आधरमा समेत अध्ययनको विषय बनेका छन् । भर्तृहरिका सम्प्रदानका प्रभावमा नेपाली भाषाका सम्प्रदानहरूको अध्ययन गर्दा तुलनात्मक विधिको समेत प्रयोग गरिएको छ । टिप्पणी र सन्दर्भग्रन्थसूची लेखकमितिपद्धति (एपिए) अनुसार व्यवस्थित छन् ।

## ३. पूर्वकार्यसमीक्षा

पूर्वकार्यसमीक्षा शोधको महत्त्वपूर्ण भाग हो । यसले शोधको केकति काम भएको रहेछ र केकति काम हुन बाँकी रहेछ भन्ने कुराको बोध गराउँछ । यसबाट शोधको महत्ता पनि सिद्ध हुन्छ । संस्कृतमा सम्प्रदान कारकको विस्तृत चर्चा पाइन्छ । त्यसलाई सरलतम ढङ्गले व्यावहारिक अध्ययन भने गरिएको छैन । नेपाली र संस्कृतका कारकहरूको तुलनात्मक अध्ययन झनै भएको छैन । सम्प्रदान त्यस्तै कारक हो । यसको अध्ययन नेपाली र संस्कृत दुबै भाषाका वैयाकरणहरूले गरेका त छन् तर त्यसको व्यावहारिकता देखाउने, नेपाली सम्प्रदान कारकमा संस्कृतको सम्प्रदान कारकको प्रभाव देखाउने र सरलतम ढङ्गले अध्ययन, व्याख्या र विश्लेषण गर्ने जमर्को गरेका छैनन् । संस्कृतका वैयाकरणहरूमध्ये चर्चित र प्रामाणिक आचार्य पाणिनि नै हुन् । आजभोलि उनकै 'अष्टाध्यायी' अनुसार संस्कृत व्याकरण पढ्ने र पढाउने परम्परा रहेको छ । 'अष्टाध्यायी' विना संस्कृत भाषा अपुरो र अधुरो रहन्छ । प्रथमतः 'अष्टाध्यायी' कै सम्प्रदान कारकको चर्चा गरौं । पाणिनिले सम्प्रदानसंज्ञा गर्ने एघारवटा सूत्रहरू (एउटा वार्तिकसहित) पढेका छन् । 'अष्टाध्यायी' को अध्याय एक, पाउ चार र सूत्रसङ्ख्या बत्तीसदेखि लगातार उनले सम्प्रदानसंज्ञा गर्ने सूत्रहरू लेखेका छन् । यो सूत्रपाठ हो । यसबाट सैद्धान्तिक पक्षको ज्ञान भए पनि व्यावहारिक पक्षको ज्ञान हुँदैन । उदाहरण, प्रत्युदाहरण, व्याख्या, विश्लेषणका आधारमा सरलतम ढङ्गले अध्ययन नगरी सूत्रपाठबाट मात्र सम्प्रदानको ज्ञान सम्भव छैन । यही अभावमा 'अष्टाध्यायी' अध्ययन परम्परा ओझेलमा परेको पाइन्छ (पा.सू. १।४।३२) ।

आचार्य पाणिनिकै 'अष्टाध्यायी' को प्रक्रियापरक ढङ्गले अध्ययन वैयाकरण भट्टोजि दीक्षितले गरेका छन् । यिनको ग्रन्थको नाम 'वैयाकरणसिद्धान्तकौमुदी' हो । पाणिनिका एघारवटै सूत्रको चर्चा यिनले गरेका छन् । प्रत्येक सूत्रको वृत्ति र उदारहरणहरू दिएका छन् । आजभोलि पाणिनीय व्याकरणको अध्ययन यही ग्रन्थबाट हुन्छ । यो ग्रन्थ संस्कृतमा लोकप्रिय रहेको छ । वृत्ति र उदाहरणहरू समेत भए पनि यस ग्रन्थमा सम्प्रदान कारकको व्यावहारिक अध्ययन भएको छैन । अनेक शङ्का, बाध्यबाधकभाव र फक्किकाहरूले गर्दा यो ग्रन्थ धेरै अप्ठ्यारो छ । सम्प्रदान कारकको व्याख्या र विश्लेषण सरलतम ढङ्गले गर्न बाँकी नै छ (दीक्षित, वि. १९८२ : पृ. १८०) ।

आचार्य वरदराजले 'अष्टाध्यायी' कै सूत्रहरूको अझ सरलतम शैलीमा प्रक्रिया गरेका छन् । उनको प्रसिद्ध ग्रन्थ 'मध्यसिद्धान्तकौमुदी' हो । यसमा पाणिनिका दुईवटा सम्प्रदानसंज्ञा गर्ने सूत्रहरूमात्र पढिएका छन् । ती सूत्रहरूका वृत्ति र उदाहरणहरू दिइएका छन् । यस ग्रन्थलाई सरल बनाउन अनेक टीकाटिप्पणीहरू पनि पाइन्छन् । ग्रन्थ सरल भए पनि संस्कृतका सबै सम्प्रदानका भेदहरू यसमा पढिएका छैनन् । यस ग्रन्थले संस्कृतका सम्प्रदानका भेदउपभेदसहित जानकारी राख्न चाहने जिज्ञासुको ज्ञानपिपासा मेट्न सक्तैन । यसैले यो ग्रन्थको सम्प्रदान कारकको चर्चा अपर्याप्त रहेको छ (वरदराज, ई. १९८६ : पृ. ३८७) ।

आचार्य भट्टोजि दीक्षितको 'वैयाकरणसिद्धान्तकौमुदी' को व्याख्याग्रन्थका रूपमा आचार्य नागेश भट्टले 'लघुशब्देन्दुशेखर' नामक ग्रन्थ लेखेका छन् । नागेशले यस ग्रन्थमा 'अष्टाध्यायी' का केही सम्प्रदानसंज्ञा गर्ने सूत्रहरूको व्याख्या, विश्लेषण गरेका छन् । यिनले 'कर्मणा यमभिप्रैति स सम्प्रदानम्' (पा.सू. १।४।३२) यो सूत्रमा भट्टोजि दीक्षितले गरेको 'दा' धातुको कर्म भन्ने अर्थमा 'दा' धातु भनेको धातुमात्रको उपलक्षण हो, भनेका छन् । यिनले सम्प्रदानलाई चतुर्थीको अर्थ बताएका छन् । चतुर्थी वा सम्प्रदानलाई उद्देश्य पनि भनेका छन् । यिनले सम्प्रदानबारे प्रस्ट्याए पनि यसका भेदबारे चर्चा र विश्लेषण गरेका छैनन् । यस कारण यो ग्रन्थको सम्प्रदानबारेको चर्चा अपर्याप्त रहेको छ (भट्ट, ई. १९५४ : पृ. ४८७) ।

आचार्य नागेशले 'परमलघुमञ्जूषा' नामक अर्को ग्रन्थ पनि लेखेका छन् । यसको कारकनिरूपण प्रकरणमा सम्प्रदान कारकको चर्चा गरेका छन् । यिनले यस ग्रन्थमा सम्प्रदानको परिष्कृत परिभाषा समेत

गरेका छन् । यिनले वार्तिककारको 'सम्यक् प्रदीयते यस्मै तत् सम्प्रदानम्' यो विग्रहबाट स्वस्वत्वनिवृत्तिपूर्वक दान भन्ने अर्थको खण्डन गरेका छन् । 'रजकाय वस्त्रं ददाति' र 'खण्डिकोपाध्याय शिष्याय चपेटां ददाति' भन्ने भाष्यसम्मत सम्प्रदानका उदाहरणहरूको समर्थन गरेका छन् । यसमा सम्प्रदानको परिभाषा र उदाहरणहरू दिइए पनि त्यसका भेदहरूको चर्चा गरिएको छैन । यस ग्रन्थबाट संस्कृतका समग्र सम्प्रदानहरूको जानकारी पाइँदैन (भट्ट, ई. १९९८ : पृ. २७३) ।

डा. ब्रह्मानन्द त्रिपाठीले 'अनुवाद-चन्द्रिका' नामक ग्रन्थ लेखेका छन् । यसको कारकप्रकरणमा संस्कृतका कारकहरूको परिचर्चा गरेका छन् । त्यसै सन्दर्भमा पाणिनिको 'अष्टाध्यायी' का कारक प्रकरणका सबै सूत्रहरूको हिन्दी अर्थका साथ व्याख्या गरेका छन् । हिन्दी अर्थबाट केही सरलता आए पनि नेपाली पाठकलाई संस्कृतको सम्प्रदान कारकको ज्ञान यस ग्रन्थले गराउन सक्तैन । यसैले यो ग्रन्थ सम्प्रदान कारकको ज्ञानका लागि अपर्याप्त रहेको छ (त्रिपाठी, ई. १९८५ : पृ. ६३) ।

आचार्य भर्तृहरिले 'वाक्यपदीयम्' नामक व्याकरणपरक ग्रन्थ लेखेका छन् । यसको साधनसमुद्देश नामक प्रकरणमा यिनले संस्कृतका कारकहरूको चर्चा गरेका छन् । यसै अन्तर्गत सम्प्रदानाधिकरणमा उनले सम्प्रदान कारकको वर्गीकरण गरेका छन् । कारिकामय यस ग्रन्थमा हेलाराज नामक विद्वान्ले सुन्दर टीका गरेका छन् । कारिकामा सूक्ष्मरूपमा लेखिएको सम्प्रदान कारकलाई 'प्रकीर्णप्रकाश' टीकाले सरल बनाएको छ । मूलमा वर्गीकरण र केही लक्षण गरिए पनि उदाहरणहरू छैनन् । टीकाकार हेलाराजले उदाहरणहरू दिएर केही सरलता आए पनि हेलाराजको संस्कृत पनि धेरै जटिल छ । त्यसबाट नेपालीभाषी पाठकले भर्तृहरिको सम्प्रदान कारकलाई बुझ्दैनन् । संस्कृत र नेपाली दुबै भाषाका उदाहरणहरूलाई विश्लेषण गरेर लेख्ता दुबै भाषाका जिज्ञासुले फाइदा लिनेछन् (भर्तृहरि, ई. १९७९ : पृ. ३१३) ।

आचार्य कौण्ड भट्टले 'वैयाकरणभूषणसार' नामक व्याकरणपरक ग्रन्थ लेखेका छन् । उनले यस ग्रन्थको सुबर्थनिर्णयमा कारकको चर्चापरिचर्चा गरेका छन् । यिनले यहाँ सम्प्रदान कारकको अर्थ, लक्षण र उदाहरणहरू दिएका छन् । भर्तृहरिका अनुसार सम्प्रदानलाई तिन भागमा वर्गीकरण गरी तिनीहरूको सूक्ष्म विश्लेषण समेत गरेका छन् । भर्तृहरिकै सम्प्रदानलाई आत्मसात गरिएकाले लक्षणबाहेक यस ग्रन्थमा सम्प्रदानबारे खासै मौलिकता पाइँदैन । यिनले जटिल संस्कृतमा लेखेको हुनाले संस्कृत अनभिज्ञ पाठकले यिनको विश्लेषण बुझ्दैन । यिनले पाणिनिका एघारवटा सम्प्रदानको व्याख्यासमेत गरेका छैनन् । यस कारण यिनको सम्प्रदानचर्चा अपूर्ण रहेको छ (भट्ट, ई. १९८२ : पृ. २७२) ।

नेपाली वैयाकरण डा. टङ्कप्रसाद न्यौपानेले 'नेपाली मानक व्याकरण तथा कार्यमूलक लेखन' नामक व्याकरणको किताब लेखेका छन् । त्यसमा वाक्यतत्त्व अन्तर्गत कारकको चर्चा गर्ने सन्दर्भमा नेपाली भाषाको सम्प्रदान कारका विषयमा लेखेका छन् । उनले "क्रियाको प्रापक, लाभक वा उद्देश्यलाई सम्प्रदान कारक भनिन्छ", भनेका छन् । सम्प्रदानको यो परिभाषाका साथै उदाहरणहरू दिएर लक्षणसमन्वय समेत गरेका छन् । यसमा सम्प्रदानका भेदबारे लेखिएको छैन । लेखकले संस्कृत र नेपालीको सम्प्रदान कारकको तुलनासमेत गरेका छैनन् । यस कारण न्यौपानेको सम्प्रदानको अध्ययन अपर्याप्त रहेको छ (न्यौपाने, वि. २०६२ : पृ. १६१) ।

नेपाली वैयाकरण मोहनराज शर्माले 'शब्दरचना र वर्णविन्यास वाक्यतत्त्व, अभिव्यक्ति र साहित्य' नामक ग्रन्थमा कारक र विभक्ति शीर्षकमा सम्प्रदान कारकको छोटो चर्चा गरेका छन् । यसमा सम्प्रदान कारकको परिभाषा गर्दै "वाक्यमा क्रियाको कार्यव्यापारका लागि लक्षित हुने नामिक शब्दलाई सम्प्रदान कारक भन्दछन्", भनिएको छ । यसमा 'ऊ पूजालाई फूल टिप्छ' र 'माग्नेलाई देऊ' गरी दुईवटा उदाहरणहरू समेत राखिएका छन् । यसभन्दा बढ्ता त्यस किताबमा सम्प्रदान कारकबारे केही छैन । व्याख्या, विश्लेषण, भेद आदि अन्य केही नलेखिएकाले शर्माको सम्प्रदान चर्चा अपर्याप्त रहेको देखिन्छ (शर्मा, वि. २०६१ : पृ. ७१) ।

नेपाली वैयाकरण कृष्णविलास पौड्यालले 'भाषाविज्ञान र प्रायोगिक भाषाविज्ञान' नामक किताब लेखेका छन् । उनले यस किताबमा वाक्यविज्ञान अन्तर्गत कारकको परिचय दिएका छन् । यिनले अर्थ वा भूमिकाका आधारमा कारकको वर्गीकरण गर्दै सम्प्रदानका लक्षण र उदाहरणहरू दिएका छन् । यिनले सम्प्रदानलाई केही प्राप्त गर्ने वा लाभ गर्ने नामिक पद भनेका छन् । यिनले "द्विकर्मक क्रियाको गौण कर्म सम्प्रदान कारक हो । सम्प्रदान कारकको सङ्केतका रूपमा चतुर्थी विभक्ति चिह्न (लाई) आउँछ" पनि भनेका छन् । पौड्यालले सम्प्रदान कारकका भेदहरूको वर्णन गरेका छैनन् । विस्तृत व्याख्या, विश्लेषण पनि पाइँदैन । यस कारण पौड्यालको सम्प्रदान परिचय अपर्याप्त रहेको देखिन्छ (पौड्याल, वि. २०५८ : १३९) ।

दार्जिलिङका शिक्षापदाधिकारीहरूले 'माध्यमिक नेपाली व्याकरण र रचना' नाम किताब लेखेका छन् । यिनीहरूले नामका रूपान्तर शीर्षकमा कारक र विभक्तिको चर्चा गरेका छन् । यस किताबमा "जसका निम्ति केही गरिन्छ अथवा जसलाई दिनु अर्थ भएको क्रिया हुन्छ, त्यस पदलाई सम्प्रदान भन्दछन्" भनी सम्प्रदानको परिभाषा गरिएको छ । यस किताबमा सम्प्रदान कारकको चतुर्थी विभक्तिको चिह्न 'लाई' भएको पनि स्वीकार गरिएको छ । यसमा कर्म र सम्प्रदानका 'लाई' विभक्तिको भिन्नता तुलनात्मक ढङ्गले देखाइएको छ । उदाहरणहरूसमेत दिइएका छन् । यस ग्रन्थमा पनि सम्प्रदानका भेदहरू देखाइएका छैनन् । सम्प्रदान कारकको अध्ययन पनि परम्परागत शैलीको रहेको छ । यसैले सम्प्रदान कारकको पर्याप्त जानकारी दिन यो किताब असमर्थ रहेको देखिन्छ (शिक्षापदाधिकारी, ई. १९९१ : पृ. ४९) ।

रामप्रसाद ज्ञवाली र गणेशप्रसाद भट्टराईले 'अनिवार्य नेपाली' नामक किताब लेखेका छन् । यस किताबको वाक्यतत्त्व शीर्षकमा लेखकहरूले कारकसँग सम्बन्धित चर्चा गरेका छन् । लेखकहरूले कार्यका आधारमा कारकको वर्गीकरण गर्ने सम्बन्धमा सम्प्रदान कारकको उल्लेख गरेका छन् । लेखकहरूले "वाक्यमा कर्ताले सम्पन्न गरेको क्रियाव्यापारको फल प्राप्त गर्ने पद तथा क्रियाव्यापारको लक्ष्य वा उद्देश्य नै सम्प्रदान हो", भनेका छन् । लेखकहरूले सम्प्रदानका उदाहरणहरू समेत दिएका छन् । सम्प्रदानको लक्षण र उदाहरण दिए पनि यस पुस्तकमा सम्प्रदानका प्रकारबारे पटक्कै चर्चा छैन । परम्परागत शैलीमा एउटै सम्प्रदानको व्याख्या गरिएको छ । यसैले यस किताबमा वर्णित सम्प्रदानको व्याख्या र विश्लेषण अपर्याप्त रहेको छ (ज्ञवाली र भट्टराई, वि. २०६४ : पृ. १३६) ।

## ४. पाणिनिको सम्प्रदान कारक

आचार्य पाणिनि संस्कृत भाषाका प्रामाणिक वैयाकरण हुन् । उनको 'अष्टाध्यायी' वैज्ञानिक ढङ्गले लेखिएको सुप्रसिद्ध व्याकरणशास्त्र हो । संस्कृतमा धेरै वैयाकरणहरू छन् । तिनीहरू पाणिनिको प्रकाश अगाडि निस्तेज भएका छन् । पाणिनिले संस्कृत भाषालाई पूर्ण समेटेर 'अष्टाध्यायी' लेखेका छन् । उनका सूत्रहरू वैज्ञानिक शैलीमा परस्पर बाँधिएका छन् । एउटा वार्तिकसहित सम्प्रदानसंज्ञा गर्ने उनका सूत्रहरू एघारवटा छन् । उनले एघारवटा सम्प्रदानका भेदहरूको चर्चा गरेका छन् । यो वर्गीकरण क्रिया र कारकको सम्बन्धका आधारमा भएको देखिन्छ । उनको पहिलो सूत्र हो 'कर्मणा यमभिप्रैति स सम्प्रदानम्' (पा.सू. १।४।३२) । यसको वृत्ति (अर्थ) हो, "दानस्य कर्मणा यमभिप्रैति स सम्प्रदानसंज्ञः स्यात्" अर्थात् दानको कर्मले जसलाई सम्बन्धित गरिन्छ, त्यो सम्प्रदान हो (दीक्षित, वि. १९८२ : पृ. ४७८) । यो दानकर्मक सम्प्रदान हो । यहाँ दान भनेर दाधातुलाई मात्र नलिएर अरू धातुहरूलाई पनि लिनुपर्दछ । दाधातु उपलक्षणमात्र हो भनेर आचार्य नागेश भट्टले भनेका छन् (भट्ट, ई. १९५४ : पृ. १७८) । यसको प्रसिद्ध उदाहरण हो 'विप्राय गां ददाति' अर्थात् ब्राह्मणलाई गाई दिन्छ । यहाँ दाधातुको कर्म गाम् (गाई) हो । त्यसले विप्राय (ब्राह्मण) सम्बन्धित छ, अर्थात् ब्राह्मणले गाई प्राप्त गर्दछ । त्यसैले विप्राय (ब्राह्मण) सम्प्रदान कारक हो । नेपाली भाषाको पारम्परिक

सम्प्रदान यसैबाट प्रभावित छ । संस्कृतको दाधातुको अपभ्रंश नेपालीको 'दि' धातु हो । यसबाट 'दिन्छ' क्रियापद बन्छ । माथिको उदाहरणको नेपाली अनुवादमै उदाहरण आइसकेको छ ।

पाणिनीय व्याकरशास्त्रमा सम्प्रदानसंज्ञा गर्ने अर्को वार्तिक छ 'क्रियया यमभिप्रैति सोऽपि सम्प्रदानम्' (दीक्षित, वि. १९८२ : पृ. ४७९) । यसको अर्थ हो, क्रियाद्वारा जसलाई सम्बन्धित गरिन्छ, त्यो पनि सम्प्रदान हो । यो क्रियासम्प्रदान हो । यसको उदाहरण हो 'पत्ये शेते' अर्थात् पतिका लागि सुत्छे । शेते (सुत्छे) अकर्मक क्रियापद हो । कर्मबाट सम्बन्धित हुन सक्तैन । पत्नी सुत्ने क्रियाले नै पतिसँग सम्बन्धित हुन्छे । नेपालीमा पनि पतिका लागि सुत्छे यस्तो वाक्य हुन्छ । पतिसँग सुत्छे र पतिका लागि सुत्छेको आशय फरक छ । पत्नीलाई सुत्ने इच्छा छैन तर पतिको यौनचाहनाको सम्मान गर्छे भन्ने अर्थमा 'पत्ये शेते' यो वाक्य प्रयोग हुन्छ । पाणिनिको अर्को सूत्र छ 'रुच्यर्थानां प्रीयमाणः' (पा.सू. १।४।३३) । यसको अर्थ हो, "रुच्यर्थानां धातूनां प्रयोगे प्रीयमाणोऽर्थो सम्प्रदानं स्यात्" अर्थात् रुचि अर्थमा रहेका धातुले जो सम्बन्धित हुन्छ, त्यो सम्प्रदान हो (दीक्षित, वि. १९८२ : पृ १७९) । यो रुच्यर्थक सम्प्रदान हो । यसको उदाहरण हो 'हरये रोचते भक्तिः' अर्थात् हरिलाई भक्ति रुच्छ । यहाँ 'राचते' (रुच्छ) क्रियापदले 'हरये' (हरिलाई) यो पद सम्बन्धित हुन्छ । त्यसैले 'हरये' यो पद सम्प्रदान हो । नेपालीमा तिमीलाई खाना रुच्छ यस्तो वाक्य बन्छ । यहाँ तिमीलाई सम्प्रदान नभएर कर्म हुन्छ । माथिको हरिलाई यो पद पनि कर्म नै हो ।

पाणिनिको सम्प्रदानसंज्ञा गर्ने अर्को सूत्र छ 'श्लाघह्नुङ्स्थाशपां ज्ञीप्स्यमानः' । यसको अर्थ हो, "एषां धातूना. प्रयोगे बोधयितुमिष्टः सम्प्रदानं स्यात्" अर्थात् श्लाघ, ह्नुङ, स्था र शप् धातुहरूको प्रयोगमा सम्बन्धित गर्न इष्ट सम्प्रदान हुन्छ (दीक्षित, वि. १९८२ : पृ. १८०) । यो ज्ञीप्स्यमान सम्प्रदान हो । यसको उदाहरण हो 'गोपी स्मरात् कृष्णाय श्लाघते' अर्थात् गोपिनी प्रेमले कृष्णलाई प्रशंसा गर्दछिन् । यहाँ 'श्लाघ्' (प्रशंसा अर्थमा) धातुबाट सम्बन्धित भएकाले 'कृष्णाय' पद सम्प्रदान कारक हो । संस्कृत भाषामा प्रशंसा अर्थमा अकर्मक धातु हुन्छ, नेपालीमा हुदैन । उदाहरणको शब्दानुवाद नभएर भावानुवादमात्र हो । नेपाली भाषामा यस्तो सम्प्रदान पाइँदैन । पाणिनिको अर्को सूत्र छ 'धारेरुत्तमर्णः' (पा.सू. १।४।३५) । यसको अर्थ हो, "धरयतेः प्रयोगे उत्तमर्णः उक्तसंज्ञः स्यात्" अर्थात् धारि (धृ णिच्) धातुको प्रयोगमा साहु सम्प्रदान हुन्छ (दीक्षित, वि. १९८२ : पृ. १८०) । यो धारणार्थक सम्प्रदान हो । यसको उदाहरण हो 'हरिः भक्ताय मोक्षं धारयति' अर्थात् हरि भक्तका लागि मुक्ति बोक्दछन् । भक्तले हरिलाई भक्तिको ऋण दिएका छन् । त्यो ऋण हरिले मुक्ति दिएर तिर्दछन् भन्ने आशय हो । यहाँ साहु भक्त छन् र हरि आसामी । यसैले 'भक्ताय' पद सम्प्रदान कारक हो । नेपाली भाषामा पनि यो वाक्य सम्प्रदान कारक हुन्छ । नेपालीमा चाहिँ साहु हुनुपर्दैन । 'बाबु छोराका लागि मिठाई बोक्दछ' यस्तो वाक्य बन्छ । यहाँ छोरो उद्देश्य भएकाले सम्प्रदान कारक हुन्छ ।

पाणिनिको सम्प्रदानसंज्ञा विधायक अर्को सूत्र हो 'स्पृहेरीप्सितः' (पा.सू. १।४।३६) । यसको अर्थ हो, "स्पृहयतेः प्रयोगे इष्टं सम्प्रदानं स्यात्" अर्थात् स्पृह् (इच्छार्थक) धातुको प्रयोगमा इष्ट (चाहिएको वस्तु) सम्प्रदान हुन्छ (दीक्षित, वि. १९८२ : पृ. १८०) । यो ईप्सार्थक सम्प्रदान हो । यसको उदाहरण हो 'माली पुष्पेभ्यः स्पृहयति' अर्थात् माली फूलहरू चाहान्छ । यहाँ स्पृह् धातुको इष्ट भएकाले पुष्पेभ्यः (फूलहरू) सम्प्रदान कारक हो । नेपालीमा यस्तो कर्म कारक हुन्छ, सम्प्रदान हुदैन । पाणिनिको अर्को सूत्र छ 'क्रुधद्रुहेर्ष्यासूयार्थानां यं प्रति कोपः' (पा.सू. १।४।३७) । यसको अर्थ हो, "क्रुधाद्यर्थानां यं प्रति कोपः स उक्तसंज्ञः स्यात्" अर्थात् क्रुध् (रिस), द्रुह् (झगडा), ईर्ष्या र असूया (डाह) यी अर्थका धातुको प्रयोगमा रिस उठेको व्यक्ति सम्प्रदान हुन्छ । यसको उदाहरण हो 'गोपी कृष्णाय क्रुध्यति' अर्थात् गोपिनी कृष्णसँग रिसाउँछिन् । यहाँ रिस उठेको व्यक्ति भएकाले कृष्णाय (कृष्ण) सम्प्रदान कारक हो । नेपाली भाषामा यस्तो सम्प्रदान पाइएको छैन ।

पाणिनिको अर्को सम्प्रदानसंज्ञा गर्ने सूत्र हो 'राधीक्ष्योर्यस्य विप्रश्नः' (पा.सू. १।४।३९) । यसको अर्थ हो, "एतयोः कारकं सम्प्रदानं स्यात्, यदीयो विविधः प्रश्नः क्रियते" अर्थात् राध् र ईक्ष् धातुको प्रयोगमा जसका सम्बन्धमा प्रश्न गरिएको छ, त्यो सम्प्रदान हुन्छ (दीक्षित, वि. १९८२ : पृ. १८१) । यो पर्यालोचनार्थक सम्प्रदान हो । यसको उदाहरण हो 'गर्गः कृष्णाय राध्यति' अर्थात् गर्ग कृष्णलाई शुभाशुभ बताउँछन् । यहाँ कृष्णका सम्बन्धमा शुभाशुभ वर्णन वा तर्कवितर्क गरिने भएकाले कृष्णाय (कृष्णलाई) सम्प्रदान कारक हो । नेपाली भाषामा यस्तो सम्प्रदान हुदैन । उदाहरणको शब्दानुवाद नभएर भावानुवादमात्र हो । पाणिनिको अर्को सूत्र छ 'प्रत्याङ्भ्यां श्रुवः पूर्वस्य कर्ता' (पा.सू. १।४।४०) । यसको अर्थ हो, "आभ्यां परस्य शृणोतेर्योगे पूर्वस्य प्रवर्तनारूपव्यापारस्य कर्ता सम्प्रदानं स्यात् (दीक्षित, वि. १९८२ : पृ. १८१) ।" यसको आशय हो, प्रति र आङ् पूर्वमा हुने श्रुधातुको प्रयोगमा प्रतिज्ञा गरिनेवाला (व्यक्ति) सम्प्रदान कारक हुन्छ । यो प्रतिज्ञा सम्प्रदान हो । यसको उदाहरण हो 'विप्राय गां प्रतिशृणोति' अर्थात् ब्राह्मणलाई गाई दिने प्रतिज्ञा गर्दछ । यहाँ कर्ताले गाई दिन प्रतिज्ञा गरिने पद विप्र (ब्राह्मण) भएकाले 'विप्राय' पद सम्प्रदान कारक हो । संस्कृत उदाहरणको नेपाली शब्दानुवाद नभएर भावानुवादमात्र हो । नेपाली भाषामा यस्तो सम्प्रदान भेटिएको छैन ।

पाणिनिको सम्प्रदानसंज्ञा विधायक अर्को सूत्र हो 'अनुप्रतिगृणश्च' (पा.सू. १।४।४४) । यसको अर्थ हो, "आभ्यां गृणातेः कारकं पूर्वव्यापारस्य कर्तृभूतमुक्तसंज्ञं स्यात्" अर्थात् अनु र प्रति उपसर्ग रहेको गृधातुको प्रयोगमा प्रशंसा गरिनेवाला (व्यक्ति) सम्प्रदान हुन्छ (दीक्षित, वि. १९८२ : पृ. १८१) । यो प्रोत्साहन सम्प्रदान हो । यसको उदाहरण हो 'होत्रे प्रतिगृणाति' अर्थात् होतालाई (यज्ञमा हवन गर्नेवाला) प्रशंसा गर्दछ । यहाँ प्रशंसा गरिने व्यक्ति होता भएकोले 'होत्रे' पद सम्प्रदान कारक हो । उदाहरणको शब्दानुवाद नभएर भावानुवादमात्र हो । नेपाली भाषामा यस्तो सम्प्रदान पाइएको छैन । पाणिनिको सम्प्रदानसंज्ञा गर्ने अन्तिम सूत्र हो 'परिक्रयणे सम्प्रदानमन्यतरस्याम्' (पा.सू. १।४।४४) । यसको अर्थ हो "परिक्रयणे साधकतमं कारकं सम्प्रदानं वा स्यात्" अर्थात् परिक्रयण (समय किनिएको) अर्थमा साधकतम करण (कारक) विकल्पले सम्प्रदान हुन्छ ( दीक्षित, वि. १९८२ : पृ. १८१) । यो करण सम्प्रदान हो । यसको उदाहरण हो 'भृत्यः शताय परिक्रीतः' अर्थात् नोकर सौ रुपियाँले किनियो । यहाँ सौ रुपियाँले नोकरको समय किनिएको छ । शताय (सौ रुपियाँले) करण कारक हो । संस्कृतमा यो विकल्पले सम्प्रदान कारक पनि बनेको छ । संस्कृतको विशेषता एउटै शब्दलाई दुईवटा कारकमा पालैपालो प्रयोग गर्न सकिन्छ । शताय, शतेन त्यस्तै शब्द हुन् । नेपालीमा त्यसको सौरुपियाँले भन्ने अर्थ हुन्छ । यो करण निमित्त वा हेतु भएकाले करण कारकमात्र हुन्छ, सम्प्रदान हुदैन । नेपाली भाषामा एउटै पद सम्प्रदान र करण भएका उदाहरणहरू प्रसिद्ध छैनन् । यी पाणिनिका कारकहरू संस्कृत भाषामै पनि सबै प्रसिद्ध छैनन् । तिनवटा बाहेक अरू नेपाली भाषाव्याकरणमा पाइँदैनन् । पाइएका जतिको उदाहरणसहित सम्बन्धित ठाउँमै विश्लेषण गरिएको छ ।

## ५. भर्तृहरिको सम्प्रदान कारक

आचार्य भर्तृहरि पाणिनीय व्याकरण परम्पराका आधिकारिक वैयाकरण मानिन्छन् । यिनले व्याकरणका धेरै पाटाहरू उघारेका छन् । उनको प्रसिद्ध व्याकरणग्रन्थ 'वाक्यपदीयम्' हो । यसको साधनसमुद्देश प्रकरणमा कारकहरू चर्चाका विषय बनेका छन् । त्यसैको सम्प्रदानाधिकारमा सम्प्रदान कारकको उल्लेख पाइन्छ । यिनले तिनवटा सम्प्रदान कारकको बयान गरेका छन् । सम्प्रदानको वर्गीकरणसँग सम्बन्धित 'वाक्यपदीयम्' को कारिका यस प्रकार छ-

'अनिराकरणात् कर्तुस्त्यागाङ्गं कर्मणेप्सितम् ।

प्रेरणानुमतिभ्यां वा लभते सम्प्रदानताम् ॥ (भर्तृहरि, वि. २०३५ : पृ. ३१३)'

यसको आशय हो, कर्मद्वारा अभीप्सित (सम्बन्धित गरिएको) जो त्यागको अङ्ग (उद्देश्य), त्यसले कर्ताको अप्रत्याख्यान, प्रेरणा र अनुमतिबाट सम्प्रदानता प्राप्त गर्दछ । कर्मबाट अभीप्सित उद्देश्यलाई यिनले सम्प्रदान मानेका छन् । त्यो तिन प्रकारको रहने यिनको ठहर छ । कर्ताको अनिराकरण, कर्ताको प्रेरणा र कर्ताको अनुमतिबाट यो सम्प्रदान तिन प्रकारको हुन्छ । यो वर्गीकरण उद्देश्य (सम्प्रदान) को क्रियाशीलता वा अवस्थाका आधारमा गरिएको छ ।

(क) कर्ताको अनिराकरणबाट (अनिराकारक सम्प्रदान)

यहाँ कर्ताको अर्थ कर्ता कारक नभएर उद्देश्य (सम्प्रदान) हो । यसमा कर्ता वा लाभकको निस्क्रियता रहन्छ । उसले आफूलाई कर्मबाट सम्बन्धित (अभीप्सित) गर वा नगर भन्दैन । जस्तै 'भक्तः सूर्याय अर्घ्यं ददाति' अर्थात् भक्त सूर्यलाई अर्घ्यलाई दिन्छ । यहाँ कर्ता (उद्देश्य, लाभक वा सम्प्रदान) सूर्य हो । ऊ निस्क्रिय छ । यसले आफूलाई अर्घ्य देऊ वा नदेऊ केही भनेको छैन । अर्घ्य स्वीकार वा अस्वीकार पनि गरेको छैन ।

(ख) कर्ताको प्रेरणाबाट (प्रेरक सम्प्रदान)

यसमा कर्ताले आफूलाई कर्मबाट सम्बन्धित गर्न प्रेरणा दिन्छ । सम्बन्धित वस्तु आफूलाई दिन भन्दछ । जस्तै 'यजमानो विप्राय गां प्रयच्छति' अर्थात् जजमान ब्राह्मणलाई गाई दिन्छ । यहाँ विप्राय कर्ता (सम्प्रदान) हो । पहिला यसले जजमानलाई गोदान गर्न प्रेरणा दिएको हुन्छ । त्यसपछि मात्र जजमानले ब्राह्मणलाई गोदान गर्दछ भन्ने बुझिन्छ ।

(ग) कर्ताको अनुमतिबाट (अनुमतिप्राप्त सम्प्रदान)

यसमा कर्ता (सम्प्रदान) सँग कर्मबाट सम्बन्धित गर्न अनुमति माग्नुपर्दछ । दिने मान्छेले लिनेसँग म तपाईंलाई यस्तो वस्तु दिन्छु है स्वीकार गरिदिनु होला भनी पहिले अनुरोध गर्नुपर्दछ । कर्ताले स्वीकार गरेपछि वस्तु दिइन्छ । जस्तै 'शिष्य उपाध्यायाय गां ददाति' अर्थात् चेलो गुरुलाई गाई दिन्छ । यहाँ उपाध्यायाय (गुरुलाई) सम्प्रदान कारक हो । चेलाले गुरुलाई गुरुदक्षिणाका रूपमा गाई दिन चाहान्छ । त्यसका लागि गुरुदेव गाई लिइदिनु होला भनी पहिले अनुमति लिनुपर्दछ । यसरी भर्तृहरिले तिन प्रकारको सम्प्रदान देखाएका छन् । यी सम्प्रदानका भेदहरू नेपाली भाषामा समेत मिलेका छन् । उदाहरणका शब्दानुवादबाटै त्यो सिद्ध भइसकेको छ । भर्तृहरिको सम्प्रदान पाणिनिको 'कर्मणा यमभिप्रैति स सम्प्रदानम्' यो सूत्रलाई आधार बनाएरै लिएको देखिन्छ ।

## ६. नेपाली भाषामा सम्प्रदान कारक

नेपाली भाषाको सम्प्रदान संस्कृत भाषा-व्याकरणबाट प्रत्यक्ष प्रभावित छ । कारक त संस्कृत भाषाकै उपज हो । यसैले आफ्नौ माउभाषाको प्रभाव नेपाली भाषामा नपर्ने कुरै भएन । नेपाली भाषाका वैयाकरणहरूले एउटैमात्र सम्प्रदानको चर्चा गरेका छन् । अहिलेसम्म पाणिनिको 'कर्मणा यमभिप्रैति स सम्प्रदानम्' (पा.सू. १।४।३२) यही सूत्रका प्रभावमा नेपाली सम्प्रदान नाचिरहेको छ । नागेशले यसको अर्थ "धातुको कर्मले जसलाई सम्बन्धित गरिन्छ, त्यो सम्प्रदान हो" भनेका छन् (भट्ट, ई. १९५४ : पृ. ४७८) । यसरी नेपाली व्याकरणमा सम्प्रदान एउटै ठाउँमा अलमलिएको भान हुन्छ । आचार्य भर्तृहरिको प्रभावमा नेपाली सम्प्रदानको अध्ययन-विश्लेषण गर्न सकिन्छ । त्यसमा नेपालीको मौलिकताको संरक्षणसमेत गर्नुपर्दछ । यसरी नेपाली सम्प्रदानहरू सात प्रकारका देखिएका छन् । भर्तृहरिको सम्प्रदानझैँ नेपालीको सम्प्रदानको वर्गीकरण पनि सम्प्रदानको क्रियाशीलता वा अवस्थाका आधारमा नै गरिएको छ । यसअनुसार इच्छुक, नैराश्य, अधिकार, निवेद्य, परावर्तक, दण्ड्य र कर्तव्य गरी सात प्रकारका सम्प्रदान रहेका छन् ।

(क) इच्छुक सम्प्रदान

उद्देश्य (सम्प्रदान) वाक्यको कर्ताको कर्मसँग सम्बन्धित हुने इच्छा राख्तछ भने त्यो इच्छुक सम्प्रदान हो । जस्तै ब्राह्मण श्रोतालाई कथा सुनाउँछन्, घरबेटी भिखारीलाई भिक्षा दिन्छन्, म आफूलाई खाना पकाउँछु । यहाँ श्रोताले कथाको, भिखारीले भिक्षाको र आफूले खानाको इच्छा राखेका छन् । त्यसैले श्रोता, भिखारी र आफू इच्छुक सम्प्रदान हुन् ।

(ख) नैराश्य सम्प्रदान

उद्देश्यले कर्मसँग सम्बन्धित हुन चासो राख्तैन, स्वीकार वा विरोध पनि गर्दैन भने त्यो नैराश्य सम्प्रदान हो । जस्तै भक्त गणेशलाई लड्डु चढाउँछन्, छोरी सूर्यलाई अर्घ्य दिन्छे, दाजु आँपलाई झटारो हान्छन् । यहाँ गणेशले लड्डुको, सूर्यले अर्घ्यको र आँपले झटाराको न चाहना राख्तछन् न विरोध नै गर्दछन् । यसैले गणेश, सूर्य र आँप नैराश्य सम्प्रदान हुन् ।

(ग) अधिकार सम्प्रदान

कर्मसँग सम्बन्धित हुनु उद्देश्यको अधिकार भएमा अधिकार सम्प्रदान हुन्छ । जस्तै मालिक मजदुरलाई तलब दिन्छन्, आमा बालखलाई दुध चुसाउँछिन्, शिक्षक विद्यार्थीलाई पाठ पढाउँछन् । यहाँ मजदुरले तलब पाउनु, बालखले दुध चुस्न पाउनु र विद्यार्थीले पढ्न पाउनु उनीहरूका अधिकार हुन् । यसैले यहाँका मजदुर, बालख र विद्यार्थी अधिकार सम्प्रदान हुन् ।

(घ) निवेद्य सम्प्रदान

वाक्यको कर्ताले उद्देश्यलाई कर्मसँग सम्बन्धित गर्न निवेदन गर्दछ भने त्यो निवेद्य सम्प्रदान हुन्छ । जस्तै सङ्गठनले साहित्यकारलाई पुरस्कार दिन्छ, म तिमीलाई केही कुरा भन्छु, विद्यार्थी गुरुलाई पाठ बुझाउँछ । यहाँ साहित्यकारलाई पुरस्कार दिन, तिमीलाई केही कुरा भन्न र गुरुलाई पाठ बुझाउनुपूर्व निवेदन गर्नुपर्दछ वा स्वीकृति लिनुपर्दछ । त्यसैले साहित्यकार, तिमी र गुरु निवेद्य सम्प्रदान हुन् ।

(ङ) परावर्तक सम्प्रदान

उद्देश्यलाई सम्बन्धित गरिएको कर्म कर्तालाई फर्काइन्छ भने त्यो परावर्तक सम्प्रदान हुन्छ । जस्तै म दर्जीलाई कपडा दिन्छु, ऊ शिक्षकलाई छोरो सुम्पन्छ, जनता बैङ्कलाई ऋण माग्छन् । यहाँ दर्जीलाई दिइएको कपडा, शिक्षकलाई सुम्पिएको छोरो र बैङ्कलाई मागिएको ऋण फर्काइन्छन् । त्यसैले दर्जी, शिक्षक र बैङ्क परावर्तक सम्प्रदान हुन् ।

(च) दण्ड्य सम्प्रदान

उद्देश्यले कर्मसँग सम्बन्धित हुँदा दण्डको अनुभव गर्दछ भने त्यो दण्ड्य सम्प्रदान हुन्छ । जस्तै शिक्षक विद्यार्थीलाई थप्पड दिन्छन्, प्रहरी डाकालाई गोली ठोक्छन्, न्यायाधीश अपराधीलाई सजाय तोक्छन् । यहाँ विद्यार्थीलाई थप्पड, डाकालाई गोली र अपराधीलाई सजाय दण्ड हुन् । त्यसैले विद्यार्थी, डाका र अपराधी दण्ड्य सम्प्रदान हुन् ।

(छ) कर्तव्य सम्प्रदान

कर्मसँग सम्बन्धित हुनु उद्देश्यको कर्तव्य भएमा कर्तव्य सम्प्रदान हुन्छ । जस्तै मालिक मजदुरलाई काम लगाउँछन्, कान्छी नोकर्नीलाई भाँडा मझाउँछिन्, साथी भरियालाई भारी बोकाउँछ । यहाँ मजदुर काममा

लाग्नु, नोकर्नीले भाँडा माझ्नु र भरियाले भारी बोक्नु कर्तव्य हुन् । त्यसैले मजदुर, नोकर्नी र भरिया कर्तव्य सम्प्रदान हुन् । यसरी भर्तृहरिको सम्प्रदानका प्रभावमा मौलिकतासहित नेपाली सम्प्रदानको अध्ययन भएको छ ।

**७. उपसंहार**

क्रियाको उद्देश्य बनेको पद नै सम्प्रदान कारक हो । नेपाली र संस्कृत दुबै वैयाकरणहरूले यही आशय व्यक्त गरेका छन् । दुबै भाषाको अध्ययन, व्याख्या र विश्लेषणबाट यही पुष्टि हुन्छ । पाणिनिका एघारवटा सम्प्रदान छन् । तिनीहरूको वर्गीकरण कारक र क्रियाको सम्बन्धका आधारमा भएको छ । यिनीहरूमा मुख्यतम पहिलो दानकर्मक सम्प्रदान नै हो । उनको सम्प्रदानसंज्ञा गर्ने प्रमुख सूत्र 'कर्मणा यमभिप्रैति स सम्प्रदानम्' नै हो । संस्कृत र नेपाली दुबै भाषाका सम्प्रदानको मूल स्रोत यही सूत्र हो । पाणिनिका अन्य सम्प्रदानका भेदहरू गौण छन् । आचार्य भर्तृहरिले पनि यही सूत्रलाई मूल आधार बनाएका छन् । भट्टोजिदीक्षितले यस सूत्रको केही सङ्कुचित अर्थ गरेका थिए । दाधातुको कर्मबाट सम्बन्धित भएको पद भनेका थिए । त्यो सङ्कुचित अर्थलाई नागेश भट्टले तोडेका छन् । उनले दाधातुको मात्र नभएर जुनसुकै धातुको कर्मलाई सम्प्रदान माने । यसबाट सम्प्रदानको अर्थ फराकिलो भएको छ । सरल शब्दमा भन्दा दान लिनेवाला सम्प्रदान ठहर्छ । दानको अर्थ नै सङ्कुचित र विस्तृत दुबै ढङ्गले गरिएको छ । दानको अर्थ दिनुमात्रै हो भन्ने नागेशको ठहर छ । उनले वार्तिककारको मत उद्धृत गर्दै त्यसको खण्डन गरेका छन् । नागेशका अनुसार वार्तिककारले स्वस्वत्वनिवृत्तिपूर्वक दानलाई दाधातुको अर्थ ठहर्याएका छन् । यसको अर्थ आफ्नो स्वामित्व सकेर परस्वामित्व उत्पन्न हुने गरी दिनुमात्र सम्प्रदान हो । यो नै सङ्कुचित अर्थ हो । विस्तृत र फराकिलो अर्थ गर्दा नै सम्प्रदान बढी सार्थक हुन्छ र नेपाली र संस्कृतका सबै सम्प्रदानलाई यसले समेट्छ । यही अर्थलाई लिएर यस लेखमा नेपाली र संस्कृतका सम्प्रदानहरूको व्याख्या र विश्लेषण भएको छ । पाणिनिका केही सम्प्रदानहरू नेपाली भाषाव्याकरण अनुरूपकै छन् । केही भेदहरू भने नेपाली भाषामा पाइएका छैनन् ।

आचार्य भर्तृहरिको सम्प्रदानको मूल स्रोत पनि पाणिनिको 'कर्मणा यमभिप्रैति स सम्प्रदानम्' यो सूत्र नै हो । उनले यसको वर्गीकरण भने व्यावहारिक शैलीले गरेका छन् । सम्प्रदानको क्रियाशीलता वा अवस्थाका आधारमा गरिएको यो वर्गीकरण धेरै विश्वसनीय छ । वाक्यमा सम्प्रदानले कस्तो भूमिका खेलेको छ वा सम्प्रदान कस्तो अवस्थामा रहेको छ, त्यही आधारमा उनले यसका भेदहरू देखाएका छन् । यो नै सम्प्रदानको क्रियाशीलता हो । भर्तृहरिका सम्प्रदानका सबै प्रकारहरू नेपाली सम्प्रदानमा पाइएका छन् । तिनीहरूको यथोचित चर्चा सम्बन्धित शीर्षकमा गरिसकिएको छ । भर्तृहरि र पाणिनिका वर्गीकरण एकै खालका छैनन् । भर्तृहरिको स्रोत पनि पाणिनि नै हुन् तापनि भर्तृहरिले त्यसैभित्रबाट आफ्नो छुट्टै पहिचान खडा गरेका छन् । 'वाक्यपदीयम्' मा स्वस्वत्वनिवृत्तिपूर्वक दान भन्ने दाधातुको सङ्कुचित अर्थ हो वा दिनु भन्नेमात्र फराकिलो अर्थ हो, स्पष्ट छैन । सामान्यतया भर्तृहरि पतञ्जलिका विरुद्ध हिँड्दैनन् । भर्तृहरिका तिनैवटा सम्प्रदानका भेदका उदाहरणमा हेलाराजले परावर्तक सम्प्रदानका उदाहरण समेटेका छैनन् । हेलाराजले भर्तृहरिलाई सङ्कुचित बनाउने प्रयास गरेको देखिन्छ ।

नेपाली सम्प्रदान कारकको मूल स्रोत पनि पाणिनिकै 'कर्मणा यमभिप्रैति स सम्प्रदानम्' यो सूत्र नै हो । यसको सङ्कुचितताविहीन फराकिलो अर्थ (नागेश भट्टअनुसारको) गर्दा सबै नेपाली वैयाकरणले गरेका सम्प्रदानका परिभाषाहरू यसै सूत्रमा समेटिन्छन् । पाणिनिले गरेका सम्प्रदानको वर्गीकरण चाहिँ सबै नेपाली सम्प्रदान कारकमा लागू हुदैन । भर्तृहरिले गरेको वर्गीकरण अनुसार सम्प्रदानका भेदहरू सबै नेपालीमा पनि पाइएका छन् । त्यसैलाई आधार बनाएर नेपाली सम्प्रदानको वर्गीकरण गरिएकै छ । यसमा नेपाली भाषाको मौलिकता अनुसार अझ व्यापकतम भेदहरू देखाइएका छन् । यो वर्गीकरण प्रारम्भिक हो । यो छोटो अध्ययन र सानो लेखमा व्यापक अध्ययन नपुगेको हुन सक्छ । यस लेखले सम्प्रदान कारकको अध्ययन, व्याख्या र

विश्लेषण गर्ने नयाँ अध्याय खोलेको छ । अनुसन्धान कहिले पूर्ण हुदैन । भविष्यमा नेपाली कारकहरूका साथै सम्प्रदान कारककै पनि व्यापक अनुसन्धान हुँदा यो लेखले एउटा महत्त्वपूर्ण सन्दर्भ सामग्रीको काम गर्नेछ । पाणिनिको अहिलेसम्म छायामा राखिएको सम्प्रदानलाई देखाउनु, भर्तृहरिको सम्प्रदानको भेदलाई उजागर गर्नु र नेपाली भाषाको सम्प्रदानलाई नवीनतम ढङ्गले वर्गीकरण गर्नु यस लेखको महत्तम उपलब्धि हो । भर्तृहरि र नेपाली सम्प्रदानका बिचको समानता र नेपाली सम्प्रदानको मौलिकताको अध्ययन पनि कम उपलब्धिपूर्ण छैन । यस लेखबाट नेपाली सम्प्रदान कारकले वर्गीकरण हुने नवीनतम आधार भेट्टाएको छ । यसपछि पनि नेपाली व्याकरणमा अझ धेरै अध्ययनका क्षेत्रहरू बाँकी रहेका छन् । कारककै सन्दर्भमा संस्कृत र नेपालीका अन्य कारकहरूको तुलना गर्नै बाँकी छ । यस लेखको शीर्षक नेपाली र संस्कृत भाषामा सम्प्रदान कारक रहेझैँ अरू निम्न प्रकारका शीर्षकहरूमा अध्ययन र अनुसन्धान गर्न सकिन्छ-

(अ) नेपाली र संस्कृत भाषामा करण कारक,

(आ) नेपाली र संस्कृत भाषामा अपादान कारक,

(इ) नेपाली र संस्कृत भाषामा अधिकरण कारक ।

## सन्दर्भग्रन्थसूची

ज्ञवाली, रामप्रसाद र भट्टराई, गणेशप्रसाद (वि.२०६४) *अनिवार्य नेपाली,* काठमाण्डौ : भुँडीपुराण प्रकाशन ।

त्रिपाठी, ब्रह्मानन्द (ई. १९८५) *अनुवाद-चन्द्रिका,* वाराणसी : चौखम्बा सुरभारती प्रकाशन ।

दीक्षितः, भट्टोजिः (ई. १९८२) *सिद्धान्तकौमुदी,* मुम्बईः : खेमराजश्रीकृष्णदासः ।

न्यौपाने, टङ्क (२०६२) *नेपाली मानक व्याकरण तथा कार्यमूलक लेखन,* विराटनगर : श्याम पुस्तक भण्डार ।

पन्त, नित्यानन्द (ई. १९५४) *लघुशब्देन्दुशेखर शेखरदीपकव्याख्या,* बाराणसी : चौखम्बा संस्कृत सिरिज अफिस ।

पाणिनि (ई. १९८१) *अष्टाध्यायी,* वाराणसी : चौखम्बा सुरभारती प्रकाशन ।

पौड्याल, कृष्णविलास (वि. २०५८) *भाषाविज्ञान र प्रायोगिक भाषाविज्ञान,* काठमाण्डौ : नवीन प्रकाशन ।

भट्ट, कौण्ड (ई. १९८२) *वैयाकरणभूषणसार,* वाराणसी : सं. प्रभाकर मिश्र ।

भट्ट, नागेश (ई. १९५४) *लघुशब्देन्दुशेखर,* वाराणसी : चौखम्बा संस्कृत सिरिज अफिस ।

---. (ई. १९९८) *परमलघुमञ्जूषा,* वाराणसी : चौखम्बा सुरभाती प्रकाशन ।

भर्तृहरि (ई. १९७९) *वाक्यपदीयम्,* वाराणसी : सं. डा. भागीरथप्रसाद त्रिपाठी ।

वरदराज (ई. १९८६) *मध्यसिद्धान्तकौमुदी,* दिल्ली : मोतीलाल बनारसीदास ।

शर्मा, मोहनराज (२०६१) *शब्दरचना र वर्णविन्यास,* भोटाहिटी काठमाण्डौ : काठमाण्डौ बुक सेन्टर ।

शिक्षापदाधिकारी (ई. १९९१) *माध्यमिक नेपाली व्याकरण र रचना,* दार्जिलिंग : साझा पुस्तक प्रकाशन ।